पक्राउ व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने र जाँचबुझ र अनुसन्धान गर्ने सिलसिलामा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिई एक पटकमा ७ (सात) दिनमा नबढाई बढीमा तीन दिनसम्म हिरासतमा राख्न सक्छ । यसरी अनुसन्धानका सिलसिलामा प्राप्त हुन आएको कुनै कुरा लिखतको गोप्यता अनुसन्धान अधिकारी वा मातहतका कर्मचारीले कायम राख्नु पर्दछ ।

- अनुसन्धान अधिकारीले यो ऐन बमोजिम कब्जा गरिएको विदेशी विनिमय तथा सोसँग सम्बन्धित लिखत सुरक्षित राख्नु पर्छ र त्यस्तो कब्जा गरेको रकमको निस्सा दिनु पर्दछ ।
- अनुसन्धान अधिकारीले यस ऐन बमोजिम आफूले गरेको काम कारवाहीको प्रतिवेदन नेपाल सरकार समक्ष प्रत्येक महिनामा पेश गर्नु पर्छ ।

**(१०) विदेशी विनिमय (नियन्त्रण) ऐनको उल्लंघनमा के कस्तो सजाय हुने व्यवस्था रहेको छ ?**

- यो ऐन वा ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशन वा परिपत्र वा सूचना वा बैंङ्कले तोकिदिएको कुनै प्रक्रिया विपरीत कुनै व्यक्तिले कुनै काम गरेमा सो काम गरे बापत भएको कसूरसँग सम्बन्धित विदेशी विनिमय जफत गरी त्यस्तो व्यक्तिलाई बिगो बमोजिमको जरिवानादेखि बिगोको तीन गुणासम्म थप जरिवाना हुने व्यवस्था छ ।
- कसूरसँग सम्बन्धित विदेशी विनिमय जफत गर्न नमिल्ने अवस्थाको कसूरहरूका सम्बन्धमा सो कसूरसँग सम्बन्धित विदेशी विनिमयको बिगो कायम गरी त्यसरी कायम हुन आएको बिगो बमोजिमको जरिवानादेखि बिगोको तीन गुणासम्म थप जरिवाना हुनेछ ।
- बिगो कायम गर्दा बिगोको रकम खुल्न वा खुलाउन नसकिने अवस्था आइपरेमा कसूरको मात्रा हेरी दुई लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।
- यस ऐन बमोजिमका काम कुराहरू गर्न, निरीक्षण गर्न तथा अनुसन्धानको निमित्त खटिएका कर्मचारीहरूले बद्नियतपूर्ण कार्य गरी ऐनको उल्लंघन हुने कुनै कार्य गरेमा वा गोप्यता भङ्ग गरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।
- यस ऐन बमोजिम सजाय हुने कसूर कुनै फर्म, कम्पनी, संस्थाबाट भएकोमा सो कसूर हुँदाको बखत सो फर्म, कम्पनी, संस्थाको सो कसूरसँग सम्बन्धित कामको जिम्मा लिने सञ्चालक, पदाधिकारी, कर्मचारी वा एजेण्ट सजायको भागी हुन्छ ।
- पैठारीको सम्बन्धमा गर्नु पर्ने काम कुराहरू नगरी वा पुऱ्याउनु पर्ने प्रक्रियाहरू नपुऱ्याई वा अधिविजकीकरण गरी पैठारी गरेको वा निर्धारित अवधिभित्र मालसामान पैठारी नगरेको वा पैठारी गर्नु पर्ने मालसामान पैठारी

Question Bank Nepal

नगरेको पैठारीकर्तालाई सम्वन्धित पैठारीको बिगो कायम गरी त्यसरी कायम हुन आएको बिगो बमोजिमको जरिवानादेखि बिगोको तीन गुणासम्म थप जरिवाना हुनेछ ।

- निकासीका लागि तोकिएको प्रक्रिया विपरीत कसूर गर्ने निकासीकर्तालाई निकासी गरेको मालसामानको बिगो बमोजिमको जरिवानादेखि बिगोको दुई गुणासम्म थप जरिवाना हुनेछ ।
- निकासी वा पैठारी सम्बन्धी कसूर गर्न मतियार हुने वा मद्दत पुऱ्याउने व्यक्तिलाई कसुरवालालाई हुने सजायको आधा सजाय हुनेछ ।
- यस अनुसार भएको जरिवानाको रकम भुक्तानी नगरेमा त्यस्ता व्यक्तिलाई जरिवानाको मात्रा अनुसार चार वर्षसम्म कैदको सजाय हुन सक्छ ।
- विदेशी विनिमयसँग सम्वन्धित कसूरको बिगो रकम एक करोड रुपैयाँ वा सोभन्दा बढी भएमा त्यस्ता व्यक्तिलाई हुने अन्य सजायका अतिरिक्त तीन वर्षसम्मको कैद सजाय समेत थप हुनेछ ।
- कुनै पनि संवैधानिक निकायको प्रमुख वा सदस्य वा राजनीतिक नियुक्तिको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै काम गरेमा त्यस्तो काम गर्ने अन्य व्यक्तिलाई हुने सजायको दोब्बर सजाय र कैद सजायको हकमा थप दुई वर्षभन्दा बढी कैद सजाय थप नहुने ।

## (१०) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण, ऐन

**(१) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन जारी गर्नुको उद्देश्य उल्लेख गर्दै विदेशी लगानीको परिभाषा उल्लेख गर्नुहोस् ।**

यस ऐनको प्रस्तावनामा उल्लेख भए अनुसार देशको औद्योगिकरणको प्रकृयामा सिमित पूँजी, मानवीय एवं प्राकृतिक साधनको अधिकतम परिचालन गरी अर्थ व्यवस्थालाई सबल, गतिशील एवं प्रतिस्पर्धात्मक बनाउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरणलाई प्रबर्द्धन गर्न यो ऐन जारी गर्नु परेको हो । ऐनको दफा २ख अनुसार विदेशी लगानी भन्नाले विदेशी लगानीकर्ताले उद्योगमा गरेको शेयर लगानी, शेयर लगानीबाट प्राप्त आयको पुनर्लगानी र ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानीलाई बुझिन्छ ।

**(२) यस ऐन अनुसार प्रविधिको हस्तान्तरण भनेको के हो ?**

यस ऐन अनुसार विदेशी लगानी कर्ता भन्नाले लगानी वा प्रविधि हस्तान्तरण गर्ने कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई बुझिन्छ जसमा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था समेत पर्दछन् । प्रविधि हस्तान्तरण भन्नाले उद्योग र विदेशी लगानीकर्ता बीच देहायका कुराको सम्वन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छः-

Question Bank Nepal

(१) विदेशी उत्पत्तिको कुनै प्रविधि सम्बन्धी अधिकार विशिष्टता, फरमुला, प्रक्रिया, पेटेण्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने ।
(२) विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने ।
(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन एवं बजार सेवा उपलब्ध गर्ने ।

**(३) विदेशी लगानीको स्वीकृतिका सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ ?**

विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग वा सरकारले तोकेको अन्य विभागको स्वीकृति लिनु पर्छ । यस्तो विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्न चाहनेले स्वीकृतिको लागि विभाग समक्ष तोकिएको विवरणहरू समेत संलग्न राखी तोकिएको ढाँचामा दरखास्त दिनु पर्छ । यस्ता दरखास्त मध्ये पचास करोड रुपैयाँसम्म स्थिर जेथा भएको उद्योगको हकमा विभागले आफैं र सोभन्दा बढी स्थिर जेथा भएको उद्योगको हकमा औद्योगिक प्रबर्द्धन बोर्डको निर्णयानुसार दरखास्त परेको मितिले तीस दिनभित्र स्वीकृति दिनु पर्छ । विभागले त्यस्तो स्वीकृतिको सम्बन्धमा भएको निर्णयको जानकारी दरखास्तवालालाई दिनु पर्छ ।

**(४) विदेशी मुद्रामा लगानी गर्ने लगानीकर्ताले के कस्तो सुविधा तथा सहुलियत पाउँदछन् ?**

विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ताले देहाय बमोजिमको रकम विदेशी मुद्रामा नेपालबाहिर लैजान पाउछन्:-

(क) विदेशी लगानीको केही वा सबै भागको शेयर बिक्रीबाट प्राप्त रकम,
(ख) विदेशी लगानी बापतको लाभ वा लाभांशको रूपमा प्राप्त रकम,
(ग) विदेशी ऋणको सावाँ र ब्याजको भुक्तानीको रूपमा प्राप्त रकम ।

यसतै विदेशी लगानीकर्ताले प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त रकम सम्बन्धित सम्झौतामा उल्लिखित मुद्रामा नेपालबाहिर लैजान पाउछन् । यस्तै नेपालमा लगानी गर्ने उद्देश्यले अध्ययन एवं अनुसन्धान गर्न नेपालमा आएका विदेशी नागरिकले ६ महीनासम्मको गैर पर्यटक भीसा सुविधा पाउँछन् । विदेशी लगानीकर्ता वा त्यस्तो विदेशी लगानीकर्ताको आश्रित परिवार वा अधिकृत प्रतिनिधि तथा त्यस्तो अधिकृत प्रतिनिधिको आश्रित परिवारलाई विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न व्यावसायिक भिसा पाउँछन् । तर एकैपटक कम्तीमा एक लाख अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा लगानी गर्ने विदेशी लगानीकर्ता र निजको आश्रित परिवारलाई त्यस्तो लगानी कायम रहेसम्म आवासीय भिसा उपलब्ध हुने व्यवस्था रहेको छ ।

**(५) विदेशी लगानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा के कसरी विवाद समाधान गर्ने व्यवस्था रहेको छ ?**

यस्तै विदेशी लगानीकर्ता, स्वदेशी लगानीकर्ता वा सम्बन्धित उद्योगको बीचमा कुनै विवाद उठेमा त्यस्तो विवादको समाधान सम्बन्धित पक्षहरूले विभागको रोहवरमा



Question Bank Nepal

आपसी छलफलद्वारा गर्नु पर्ने व्यवस्था रहेको छ । यसरी पनि विवादको समाधान हुन नसकेमा अन्तर्राष्ट्रिय व्यापार कानुनसम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (अनसिट्राल) को प्रचलित मध्यस्थता नियमबमोजिम मध्यस्थताद्वारा समाधान गरिने व्यवस्था रहेको छ । यस्तो मध्यस्थतामा नेपालको कानुन लागू हुने र मधयस्थताको स्थल काठमाडौंमा हुने व्यवस्था छ । तर तोकिए बमोजिमको लगानी भएका उद्योगमा विदेशी लगानीका सम्बन्धमा उठेका विवादको सामाधान विदेशी लगानी सम्झौतामा उल्लेख भए बमोजिम गर्न सकिने पनि व्यवस्था रहेको छ ।

**(६) के कस्ता उद्योगहरूमा विदेशी लगानी गर्न स्वीकृति दिइदैन ?**

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनको अनुसूचीमा विदेशी लगानी गर्न स्वीकृति गर्न नदिइने व्यवस्था रहेको छ । जस अनुसार निम्न उद्योगहरूमा विदेशी लगानी गर्न स्वीकृती दिइदैन ।

**खण्ड (क)**

- घरेलु उद्योग ।
- व्यक्तिगत सेवा व्यवसाय (जस्तो कपाल काट्ने, श्रृंगार गर्ने, सिलाई (टेलरिंग), ड्राइभिङ्ग तालिम आदि व्यवसाय) ।
- हातहतियार तथा खरखजाना उद्योग ।
- गोलीगठ्ठा, बारुद ।
- विकीरणजन्य पदार्थ (रेडियोएक्टीभ मेटेरियल्स्) सम्बन्धी उद्योग ।
- घरजग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक) ।
- चलचित्र व्यवसाय राष्ट्र भाषाको) ।
- सुरक्षात्मक छपाइ (सेक्युरीटी प्रिन्टिङ्ग) ।
- मुद्रा तथा सिक्का व्यवसाय ।

**खण्ड (ख)**

- अन्तर्राष्ट्रिय श्रृङखलाको रूपमा तत्काल दुईभन्दा बढी मुलुकमा कारोबार गरिरहेको खुद्रा व्यवसाय (रिटेल बिजनेस) ।
- बडी (९० प्रतिशतभन्दा बढी निकासी गर्ने बाहेक) ।
- आन्तरिक कुरियर सेवा ।
- आणविक शक्ति (एटोमिक इनर्जी)
- कुखुरा पालन ।
- माछा पालन ।
- मौरी पालन ।

Question Bank Nepal

- एकाउन्न प्रतिशतसम्म विदेशी लगानी भएको परामर्श सेवा बाहेक अन्य परामर्श सेवा व्यवसाय, व्यवस्थापन, लेखा, इन्जिनीयरिङ्ग, कानुनी जस्ता व्यवसायहरू ।
- ब्युटी पार्लर ।
- भाडामा खाद्यान्न कुटानी, पिसानी र पेलानी गर्ने कार्य ।
- स्थानीय क्याटरिङ्ग सेवा ।
- ग्रामीण पर्यटन ।

## (११) सुरक्षित कारोवार ऐन

**✍ सुरक्षित कारोवार ऐन, २०६३ किन जारी गरिएको हो ? यस ऐन अन्तर्गत के कस्ता कारोवारहरू पर्दछन् ?**

देशको आर्थिक विकासका लागि आर्थिक क्रियाकलापको अधिकतम प्रवर्द्धन गर्न सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्तिउपरको दायित्व परिपालन गर्ने गराउने व्यवस्था सुरक्षित कारोवार ऐन, २०६३ जारी भएको हो । यस ऐनको दफा ३ मा उल्लेख भए अनुसार यो ऐन निम्न प्रकारका कारोवारहरूमा लागू हुन्छ :

(क) धरौटी (प्लेज), बन्धकी (हाइपोथिकेसन) *(चल सम्पत्तिको)* तथा हायर पर्चेज लगायत धितोको सम्पत्तिबाट दायित्व सुरक्षित गर्ने प्रयोजनका लागि गरिने सम्पूर्ण कारोबार,

(ख) बहीखाता र सुरक्षित बिक्री करारको बेच बिखन, र

(ग) मालसामानको पट्टा ।

पक्षहरूका बीचमा भएको सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि वा धितोको सम्पत्तिमा स्वामित्वको अधिकार धितो लिने वा धितो दिने व्यक्ति जोसँग रहेको भए तापनि माथि उल्लिखित कारोबारहरूका सम्बन्धमा यो ऐन लागू हुन्छ ।

तर यो ऐन देहायका कारोबारका सम्बन्धमा भने लागू हुँदैन:-

(क) कर्मचारीको क्षतिपूर्तिको दाबीको हस्तान्तरण ।

(ख) कुनै व्यवसायको बिक्रीको सिलसिलामा सो व्यवसायसँग सम्बन्धित बहीखाता वा सुरक्षित बिक्री करारको बिक्री भएको रहेछ भने त्यस्तो बिक्री सम्बन्धमा ।

(ग) सङ्कलनको प्रयोजनको लागि हस्तान्तरण गरिएको बहीखाता, सुरक्षित बिक्री करार वा अधिकारपत्र सम्बन्धमा, र

(घ) कुनै करार अन्तर्गत परिपालन गर्नु पर्ने समेत दायित्व भएको हस्तान्तरण गरी लिने व्यक्तिले सोही करार अन्तर्गत भुक्तानी पाउने अधिकारको हस्तान्तरण सम्बन्धमा ।



Question Bank Nepal

## ✍ सुरक्षित कारोबार ऐनले यस अन्तर्गतको कारोवार व्यवस्थित र सुरक्षित भएको छ भनेर प्रत्याभूति गर्न कस्तो व्यवस्था गरेको छ ?

यस ऐन अनुसारको कारोवार सुरक्षित रूपमा भएको छ भन्ने प्रत्याभूतिका लागि ऐनले सुरक्षित कारोवार दर्ता कार्यालयको परिकल्पना गरेको छ जसेले कारोवार सम्बन्धि सूचनाहरू दर्ता गर्ने, कुनै सूचनाको विवरण हेरफेर वा परिमार्जन भएमा सो को विवरण अद्यावधिक गर्ने र सूचना माग गर्ने कुनै सरोकारवालालाई आवश्यक सूचना उपलब्ध गराउने व्यवस्था रहेको छ । यसबाट कारोवार गर्ने संस्था वा व्यक्ति आधिकारिक भए नभएको र लगानीकर्ताको कारोवार सुरक्षित गराउने व्यवस्था गरेको छ ।

यस अनुसारको सूचना दर्ताको लागि नेपाल सरकारले सुरक्षित कारोवार दर्ता कार्यालय नाम गरेको एउटा दर्ता कार्यालयको स्थापना गर्ने, सो को नेतृत्वका लागि कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सोसरहको कर्मचारीलाई रजिष्ट्रारको रूपमा नियुक्ति गर्ने वा तोक्ने, र त्यस्तो रजिष्ट्रारले ऐनले तोकेका कामहरू गर्नु पर्ने व्यवस्था रहेको छ । दर्ता कार्यालयले कारोवारको सूचना वा सो सँग सम्बन्धित विवरण, सूचनाको समाप्ति सम्बन्धी विवरण, सूचनाको प्रवाह जस्ता कार्य गर्दछ । धितोको हक र सो को कार्यान्वयन गराउने लगायतको काम पनि यस कार्यालयले गर्नुपर्ने व्यवस्था रहेको छ ।

## ✍ सुरक्षित कारोबार ऐन अन्तर्गत दर्ता गर्नुपर्ने कुनै धितो सम्बन्धी प्रारम्भिक सूचनामा के कस्ता कुराहरू समावेश हुन्छन् ?

दर्ता कार्यालयमा दर्ता हुने प्रारम्भिक सूचनामा कम्तीमा देहायका कुराहरू उल्लेख भएको हुनु पर्छ :-

(क) धितो दिने व्यक्तिको नाम, ठेगाना र अन्य विवरण,

(ख) धितो लिने व्यक्ति वा निजको प्रतिनिधिको नाम, ठेगाना र अन्य विवरण,

(ग) धितोको सम्पत्तिसँग सम्बन्धित विवरण । तर त्यस्तो सूचना कटान गरिने रुख, उत्खनन गरिने खनिज पदार्थ वा धितोको सम्पत्तिमा जडित सामानसँग सम्बन्धित भएमा सम्बन्धित अचलसम्पत्तिको विवरणसमेत उल्लेख गर्नु पर्ने ।

प्रारम्भिक सूचना धितोसम्बन्धी सम्झौता सम्पन्न हुनुअगावै वा धितोको हक आवद्ध हुनुअगावै दर्ता गर्न सकिने र यो ऐन बमोजिम उल्लेख गर्नु पर्ने कुनै कुरा उल्लेख हुन नसकेको भए तापनि सो सूचनाले ऐनमा उल्लेख भएका अन्य शर्तहरू पूरा गरेको भएमा र त्यस्तो सूचनाको भ्रामक अर्थ नलाग्ने भएमा यो ऐनबमोजिम प्रभावकारी भएको मानिने व्यवस्था रहेको छ ।

## ✍ यस ऐनबमोजिमको सूचनाको कसरी व्यवस्थापन हुन्छ ?

यस ऐनको कार्यक्षेत्र भित्र पर्ने कारोवारको सूचना व्यवस्थापनका लागि दर्ता कार्यालयमा सूचना दर्ता गराउनु पर्ने व्यवस्था छ । त्यस्तो सूचनामा धितो दिने व्यक्तिको नाम र



Question Bank Nepal

सम्बन्धित विवरणको पर्याप्त उल्लेख भएको हुनुपर्ने, त्यसका लागि व्यक्ति भए नाम र नागरिकता, राहदानी, देशको नाम, संस्था भए दर्ता भई प्राप्त नाम र दर्ता प्रमाणपत्र तथा इजाजतपत्रहरू, विदेशी संगठित संस्था भए सम्बन्धित देशको कानुन अनुसार दर्ता भएको विवरण र सम्बन्धित अन्य सूचनाहरू खुलेको हुनुपर्दछ । यस्तो सूचनामा धितोको सम्पत्ति बिक्री, विनिमय गरिएको, पट्टा वा इजाजतमा दिइएको वा कुनै पनि किसिमले हस्तान्तरण भई विवरण परिवर्तन भएमा सूचनाको परिवर्तन भएको मानिने र परिवर्तन हुनु अघि वा पछिको कारोबार समेत परिवर्तित सूचना बमोजिम मान्य रहने व्यवस्था छ । परिवर्तन भएको सूचना दर्ता कार्यालयमा जानकारी गराइ अद्यावधिक गर्नु पर्ने व्यवस्था पनि गरिएको छ । यस ऐनबमोजिम दर्ता भएको सूचना दर्ता मितिले ५ वर्षसम्म बहाल रहने र सो अवधि समाप्त हुनु अगावै निरन्तरताको विवरण दर्ता गर्नुपर्ने र निरन्तरताको विवरण दर्ता नगराएमा ५ वर्षपछि सूचना मान्य नहुने व्यवस्था रहेको छ । दर्ताबिना नै कुनै धितोको हक परिपक्व भएकोमा बाहेक सूचना बहाल रहने समयावधि समाप्त भएपछि सूचना अमान्य हुने र सो सूचनाबाट परिपक्व गराइएको धितोको हक पनि अपरिपक्व हुने व्यवस्था छ । यसरी सूचना बहाल रहने समयावधि समाप्त भएको कारणले कुनै धितोको हक अपरिपक्व भएमा त्यस्तो सूचना समाप्त हुनुभन्दा अघि वा पछि मूल्य तिरी धितोको सम्पत्ति प्राप्त भए पनि धितो परिपक्व भएको मानिदैन ।

प्रारम्भिक सूचना एक वा एकभन्दा बढी संशोधनहरूबाट संशोधित हुन सक्ने र त्यसका लागि आवश्यक विवरणहरू सहित पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यसरी संशोधित सूचनाले कुनै पनि सूचनाको बहाली अवधिलाई विस्तार गर्दैन । सूचनाको निरन्तरताका लागि निर्धारित सूचना दिने प्रक्रियाबमोजिम जिम्मेवार व्यक्तिले सूचना बहाल रहने ५ वर्षको अवधि व्यतित हुनु ६ महिना अगावै निरन्तरताको विवरण दर्ता गराउनु पर्छ । यसरी निरन्तरताको विवरण दर्ता गरिएमा सो सूचना जुन मितिमा समाप्त हुने थियो सोही मितिदेखि पाँच वर्षको अवधिसम्म त्यस्तो सूचना बहाल रहन्छ । सूचनाको बहाली अवधिलाई निरन्तरता दिन जुन तरिकाबाट सूचना दर्ता गर्नु पर्ने हो सोही तरिकाबाट पछिल्लो निरन्तरताको विवरण दर्ता गर्नु पर्दछ । कुै पनि सुरक्षित दायित्व तिर्न बाँकी नरहेको, पेश्की दिने, दायित्व बहन गर्ने वा कुनै किसिमको मूल्य चुक्ता गर्ने प्रतिबद्धता नगरेको वा धितोको दायित्व चुक्ता भइ सकेको सूचनालाई निरन्तरता दिनु नपर्ने भई समाप्तिको सूचना दिन सक्ने र त्यस्तो सूचना प्राप्त भएपछि दर्ता कार्यालयले सूचना अद्यावधिक गरिदिन्छ । दर्ता कार्यालयको जिम्मेवारी प्रशासनिक मात्र हुने र कसैले कुनै जानकारी मागेमा त्यसको जानकारी दिन वा सार्वजनिक गर्न सक्छ । जसबाट कारोवारको विश्वसनियता अभिबृद्धि भई सुरक्षित कारोवार हुन सक्न्छ

**७. यस ऐनले धिताको हक सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ?**

यस ऐन वमोजिम कुनै पनि व्यक्तिले धितोको हक दिन र लिन सक्ने र यसरी धितोको हक दिंदा लिंदा कुनै धितोको सम्पत्तिमाथि एकभन्दा बढी व्यक्तिको धितोको हकसमेत सृजना हुन सक्छ । धितो दिने व्यक्तिसँग रहेको उपभोग्य वस्तुमाथि खरिद मूल्यसम्बन्धी धितोको हक (पर्चेज मनी सेक्युरिटी इन्ट्रेस्ट) बाहेकका अन्य धितोको हक सृजना गर्न



Question Bank Nepal

सकिदैन । यस्तो धितोको सम्पत्ति प्रयोग गर्ने, भोग गर्ने, बिक्री गर्ने, विनिमय गर्ने, मिश्रित गर्ने वा अन्य कुनै पनि किसिमले हक हस्तान्तरण गर्ने अधिकार धितो दिने व्यक्तिसँग रहेको कारणले मात्र धितोको हक अमान्य भएको मानिदैन । यसरी सिर्जना भएको धितोको हकले एक वा एकभन्दा बढी सामान्य वा विशेषरूपमा उल्लेख गरिएका दायित्वहरू सुरक्षित गर्न सक्छ जुन मौद्रिक वा गैरमौद्रिक हुन सक्छ । धितोको हकले भावी दायित्व पनि सुरक्षित गर्न सक्नेछ । त्यस्तो दायित्व बाध्यात्मक, शर्त सहितको वा स्वेच्छिक हुन सक्छ । धितोको हकले पहिले नै कायम रहेका दायित्वहरूलाई समेत सुरक्षित गर्न सक्छ ।

कुनै धितोको सम्पत्तिको विवरणले जुन कुराको विवरण दिन खोजेको हो सो को मनासिव रुपले पहिचान हुने गरी विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिन्छ । धितोसम्बन्धी सम्झौताका शर्तहरूअनुरुप सो सम्झौताका पक्षहरू, धितोको सम्पत्ति प्राप्तकर्ता, साहू तथा लियन होल्डरसमेतका हकमा लागू हुन्छन् । धितोको सम्झौता एक वा एकभन्दा बढी व्यक्तिको हकसँग सम्बन्धित हुन सक्ने र त्यस्तो सम्पत्तिमा कर वा शुल्क लगायतको खर्चको भुक्तानी धितो दिने व्यक्तिले गर्नुपर्ने, धितोको सम्पत्तिबाट प्राप्त रकमबाहेक कुनै पनि वृद्धिलाई धितो लिने व्यक्तिले अतिरिक्त सुरक्षणको रूपमा राख्नु पर्ने र धितो दिने व्यक्तिलाई रकम शोधभर्ना गरिएकोमा बाहेक निजले सुरक्षित दायित्व कम गराउन त्यस्तो रकम उपयोग गर्न सक्ने व्यवस्था छ । धितोको सम्पत्तिमा धितोको हक आबद्ध भई सो सम्पत्तिका सम्वन्धमा धितो दिने व्यक्ति र तेश्रो पक्षविरुद्ध निम्न अवस्थामा मात्र हक चलन चलाउन सकिन्छ ।

(क) धितोको सम्पत्तिको विवरण उल्लेख गरी धितोसम्बन्धी सम्झौता भएकोमा,

(ख) धितो लिने व्यक्तिले धितो दिने व्यक्तिलाई मूल्य दिएकोमा, र

(ग) धितो दिने व्यक्तिसँग धितोको सम्पत्तिउपर अधिकार रहेको वा निजमा त्यस्तो धितोको सम्पत्ति धितो लिने व्यक्तिलाई हस्तान्तरण गर्न सक्ने अधिकार रहेकोमा ।

**कस्तो अवस्थामा धितोको हकको परिपक्व भएको मानिन्छ ? एक भन्दा बढी व्यक्तिको हक भएको धितोको प्राथमिकता कसरी निर्धारण हुन्छ ?**

कुनै धितोमा धितोको हक आवद्ध भई यस निम्न शर्तहरू पूरा भएमा त्यस्तो धितोको हक परिपक्व भएको मानिन्छ :

- दर्ता कार्यालयमा सूचना दर्ता भएको,
- खरिद मूल्यसम्बन्धी धितोको हक कुनै उपभोग्य वस्तुमा आबद्ध भइसकेपछि
- मालसामान, अधिकारपत्र, लिखत वा सुरक्षित बिक्री करारमाथि रहेको धितोको हक धितो लिने व्यक्तिले त्यस्तो धितो आफ्नो कब्जामा लिएपछि ।
- नगद लाभबाहेक धितो लिने व्यक्तिले रकम कब्जामा लिएपछि
- क्रमसंख्या अङ्कित सवारी साधनमा रहेको धितोको हक सो सवारी साधनको साधारण विवरण दिएर वा सोको क्रमसंख्या उल्लेख गरी सूचना दर्ता गरेपछि



Question Bank Nepal

- नासोमा लिने व्यक्तिको जिम्मामा मालसामान रहेका बखत निजले सो मालसामानलाई समेट्ने गरी लिखत जारी गरेको रहेछ भने त्यस्तो लिखतउपर धितोको हक परिपक्व गराएपछि
- धितोको सम्पत्तिउपर रहेको धितोको हकको परिपक्वताले धितोको सुरक्षार्थ दिएको जमानतउपर रहेको धितोको हकसमेतलाई परिपक्व बनाउने,
- भुक्तानीको अधिकार वा परिपालनउपर रहेको धितोको हकको परिपक्वताले भुक्तानीको अधिकारलाई सुरक्षित गर्ने अचलसम्पत्तिको बन्धकीउपरको धितोको हकलाई समेत परिपक्व बनाउने,
- परिपक्वताको निरन्तरता नटुट्ने गरी धितोसम्बन्धी हक पहिले कुनै एक तवरमा परिपक्व बनाइएको र पछि अर्को तवरमा परिपक्व बनाइएकोमा सो हक निरन्तररूपमा परिपक्व भइरहेको मानिने,

यस्तै एउटै धितोको सम्पत्तिमा एकभन्दा बढी व्यक्तिको धितोको हकको सृजना भएको अवस्थामा सूचना दर्ता भएको र सूचना दर्ता नभएको धितोको हकमध्ये सूचना दर्ता भएको धितोको हकले प्राथमिकता पाउँछ । सूचना दर्ता भएको धितोको हकमा पनि त्यस्तो धितोको हकले धितोको हकको सूचना दर्ता गराएको समय वा धितोको हक परिपक्व भएको समय अनुसार प्राथमिकता पाउँछ । धितोको सम्पत्ति समेट्ने गरी पहिलो सूचना दर्ता गरिएको समय वा धितोको हक पहिलो पटक परिपक्व भएको समयमध्ये जुन अघिल्लो हुन्छ सो धितोको हकले प्राथमिकता पाउनेछ । धितोको हकको प्राथमिकता निर्धारणगर्दा पहिलो पटक सूचना दर्ता भए पछि वा धितोको हक परिपक्व भइसकेपछि त्यस्तो सूचना अप्रभावकारी भएको त्यस्तो धितोको हकको परिपक्वताको निरन्तरता अवरुद्ध भएको हुनु हुँदैन । धितोको सम्पत्तिको सम्बन्धमा कायम भएको दर्ता वा परिपक्वताको मिति नै सो धितोको सम्पत्तिबाट प्राप्त लाभको हकमा पनि सोही दर्ता वा परिपक्वताको मिति कायम भएको मानिन्छ ।

### ✍ धितोको हकको कार्यान्वयन कसरी हुन्छ ?

धितोसम्बन्धी सम्झौताका पक्षहरूले आपसी सहमतिद्वारा दायित्व परिपालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्छन् । यस्तो दायित्व परिपालन नभएमा धितो लिने व्यक्तिलाई हक कार्यान्वयन गर्न देहायबमोजिमको अधिकार हुन्छ :-

- धितोसम्बन्धी सम्झौतामा कब्जा वा नियन्त्रणका बारेमा कुनै पनि व्यवस्था नरहेको भए तापनि धितो लिने व्यक्तिले आफ्नो इच्छा अनुसार धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्ने,
- धितोको सम्पत्ति बेचबिखन गर्ने,
- यस ऐनमा व्यवस्था गरिएका अन्य अधिकार तथा उपचार प्रयोग गर्ने,
- धितोसम्बन्धी सम्झौतामा व्यवस्था गरिएका अन्य अधिकार तथा उपचार प्रयोग गर्ने, र
- अन्य प्रचलित कानूनअन्तर्गत उपलब्ध अधिकार तथा उपचार प्रयोग गर्ने ।

यस अनुसार धितो लिने व्यक्तिले आफूलाई उपलब्ध कुनै वा सबै अधिकारहरू एकसाथ प्रयोग गर्न सक्ने र दायित्व परिपालन नभएको अवस्थामा धितोको सम्पत्ति, बहीखाता वा



Question Bank Nepal

अन्य अमूर्त सम्पत्ति भएमा धितो लिने व्यक्तिले हस्तान्तरण वा सङ्कलनसम्बन्धी अधिकारको प्रयोग गर्ने सम्बन्धमा न्यायिक कारबाहीबिना सिधै त्यस्ता बहीखाता वा अन्य मूर्त सम्पत्तिका सम्वन्धमा आफैले आवश्यक कारवाई चलाउन सक्छ । अधिकारप्राप्त अधिकारीको आदेशबमोजिम वा सार्वजनिक लिलामको माध्यमबाट धितोको सम्पत्ति बिक्री गर्दा धितो लिने व्यक्तिले त्यस्तो धितोको सम्पत्ति खरीद गरी लिन सक्छ । धितो दिने व्यक्तिले लिखितरूपमा स्वीकृति दिएको अवस्थामा दायित्वको परिपालन नभएको अवस्थामा पनि कानूनी कारबाहीबिना नै धितो लिने व्यक्तिले धितोको सम्पत्ति आफ्नो कब्जा वा नियन्त्रणमा लिन सक्छ । यस्तै धितोसम्बन्धी सम्झौताको अधीनमा रही धितो लिने व्यक्तिले धितो दिने व्यक्तिलाई धितोको सम्पत्ति एकत्रित गर्न र धितो लिने व्यक्तिले तोकेको दुवै पक्षलाई मनासिवरूपमा उपयुक्त हुने स्थानमा त्यस्तो सम्पत्ति धितो लिने व्यक्तिलाई उपलब्ध गराउन लगाउन सक्छ । धितो लिने व्यक्तिले कुनै पनि उपकरण रहेको स्थानबाट सो उपकरण नहटाई त्यसलाई प्रयोग गर्न नमिल्ने किसिमको बनाउन र धितोको सम्पत्तिलाई धितो दिने व्यक्तिको व्यवसायको स्थान, आवास वा धितोको सम्पत्ति रहेको वा भेटिएको अन्य कुनै पनि स्थानमा बेचबिखन गर्न सक्छ ।

**✍ सुरक्षित कारोवार ऐन बमोजिम धितोको सम्पत्तिको बेचविखन सम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।**

दायित्वको पालना नभएमा धितो लिने व्यक्तिले कुनै वा सबै धितोको सम्पत्ति बिक्री गर्न, भाडामा दिन, इजाजतमा दिन वा अन्य कुनै पनि तवरले बेचबिखन गर्न सक्छ । यस्तो सम्पत्ति सम्पत्ति एक वा एकभन्दा बढी करारअन्तर्गत सार्वजनिक वा निजीरूपमा बेचविखन गर्न सक्छ । विक्रीका लागि धितो लिने व्यक्तिको कर्तव्यसँग अनुकुल हुने गरी धितोको सम्पत्तिको बेचबिखन कुनै पनि समय, स्थान वा शर्तमा छुट्टाछुट्टै वा समूहगतरूपमा हुन सक्छ । धितोको सम्पत्ति छिट्टै सड्ने, गल्ने भई वा सोको मूल्यमा तुरुन्तै गिरावट आउने प्रकृतिको भई सूचना दिन व्यावहारिक नहुने भएकोमा बाहेक धितो लिने व्यक्तिले धितो दिने व्यक्तिलाई धितोको सम्पत्ति सार्वजनिकरूपमा बिक्री गर्ने समय र स्थान वा निजीरूपमा बिक्री वा अन्य कुनै तवरले बेचबिखन गर्ने समयको मुनासिब जानकारी दिनु पर्ने व्यवस्था छ । यस्तै धितोको सम्पत्ति कुनै सार्वजनिक वा व्यक्तिगत बिक्रीको माध्यमबाट धितो लिने व्यक्तिले नै पनि खरिद गर्न सक्छ । धितो लिने व्यक्तिले धितोको सम्पत्तिको बिक्रीबाट प्राप्त भई बचत हुन आएको रकम धितो दिने व्यक्तिलाई फिर्ता दिनुपर्छ र अन्यथा सहमति भएकोमा वाहेक नपुग रकमको हकमा धितो दिने व्यक्ति जिम्मेवार हुनु पर्छ ।

यसरी भएको बेचबिखनवाट प्राप्त लाभको देहायबमोजिमको प्राथमिकताक्रम अनुसार भुक्तानी हुन्छ :-

- धितो लिने व्यक्तिले कानून व्यवसायीलाई तिरेको मनासिब माफिकको शुल्क र मुद्दामामिला गर्दा लागेको कानूनी खर्च लगायत धितोको सम्पत्ति पुन: प्राप्त गर्दा, ग्रहण गर्दा, बेचबिखनको तयारी तथा बेचविखन गर्दा लागेको मनासिव माफिकको खर्च,

Question Bank Nepal

- धितोको हकबाट सुरक्षित ऋण,
- बेचबिखनबाट प्राप्त लाभको बाँडफाँड गर्नुभन्दा अगावै लिखित अनुरोध प्राप्त भई अधीनस्थ धितोको हक लिने व्यक्तिले त्यस्तो हकको मनासिब प्रमाण दिएमा धितोको सम्पत्तिउपर रहेको अधीनस्थ धितोको हकबाट सुरक्षित ऋण।

दायित्वको पालना नभएमा धितो लिने व्यक्तिले सुरक्षित दायित्व पूर्ण वा आंशिकरूपमा पालना गराउनको लागि धितोको सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिन सक्ने र अन्य कुनै व्यक्तिलाई बेचबिखन गर्न प्रस्ताव गर्न सक्छ। यस्तो प्रस्तावको सूचना पाउने हक भएको व्यक्तिबाट त्यस्तो सूचना पठाइएको मितिले एक्काइस दिनभित्र लिखित दाबी विरोध प्राप्त गरेमा निजले त्यस्तो धितोको सम्पत्ति बेचबिखन हुन्छ। यस अवधिभित्र दाबी विरोध प्राप्त नभएमा धितो लिने व्यक्तिले धितो दिने व्यक्तिको दायित्वको भुक्तानी वा पालन गराउन धितोको सम्पत्ति रोक्का राख्न वा आफ्नो नियन्त्रणमा लिन सक्छ। यस्तै लिखितरूपमा अन्यथा सहमति भएकोमा बाहेक दायित्वको पालना नभई धितो दिने व्यक्ति वा धितो लिने अन्य कुनै व्यक्तिले धितोको सम्पत्तिबाट सुरक्षित सम्पूर्ण दायित्वहरू पूरा गर्दा लागेको मनासिब खर्चहरू बुझाई धितोको सम्पत्ति बेचबिखन गर्नुभन्दा अघि वा बेचबिखनको लागि करार गर्नुभन्दाअघि वा दायित्व पूरा हुनुभन्दा अघि निखन्न सक्छ।

Question Bank Nepal

## समुह 'ग'

# लेखा प्रणाली
# (Accounting System)

Question Bank Nepal

## १) दोहोरो लेखा प्रणाली (Double Entry Book Keeping System)

लेखा भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन वमोजिम राखिएको हिसाव, वहिखाता तथा सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँछ। लेखा प्रणालीमा आर्थिक क्रियाकलापहरूसम्वन्धी अभिलेख राख्ने, व्याख्या विश्लेषण, वर्गीकरण गर्ने, सारांश निकाल्ने र सो को परिणाम प्रस्तुत गर्ने काम हुन्छ। यसले आर्थिक क्रियाकलापहरूको तथ्यांक तथा सूचनाहरू वैज्ञानिक तथा व्यवस्थित तरिकाले उपलव्ध गराई आर्थिक निर्णय गर्न सहयोग पुऱ्याउँछ।

आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार लेखा भन्नाले कारोवार भएको व्यहोरा देखिने गरी प्रचलित कानुन वमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोवारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई सम्झनु पर्छ।

आर्थिक कारोबारको अभिलेख राख्न थालनी भएदेखि हालसम्म विभिन्न लेखाप्रणालीहरूको प्रयोग हुँदै आइरहेको छ। यसरी प्रयोगका क्रममा अव्यावहारिक लेखाप्रणालीमा सुधार गरी वैज्ञानिक, व्यावहारिक एवम् सुविधायुक्त प्रणालीको विकास हुँदै आएको पाइन्छ। वैज्ञानिक लेखा प्रणालीलाई मुख्यतया दुई प्रकारमा विभाजन गर्ने गरिन्छ।

१) एकोहोरो लेखा प्रणाली
२) दोहोरो लेखा प्रणाली

### एकोहोरो लेखा प्रणाली

आर्थिक कारोवारहरूको एकतर्फ मात्र प्रभाव रहने गरी राखिने लेखालाई एकोहोरो लेखा प्रणाली भनिन्छ। यसमा दोहोरो प्रभाव देखिने गरी आर्थिक कारोबारको लेखा राखिँदैन। यसमा नियमानुसार केवल नगद तथा व्यक्तिगत खाताहरूको मात्र लेखा राख्ने गरिन्छ। यसमा दोहोरो प्रभाव देखिने गरी आर्थिक कारोबारको लेखा राखिँदैन। यसमा आसामी

(Debtors) र साहूहरू (Creditors) को व्यक्तिगत खाता (Impersonal Account) जस्तै- खरिद खाता, बिक्री खाता, वहाल, ज्याला, ढुवानीजस्ता खाताको अभिलेख राखिएको हुँदैन । सम्पूर्ण कारोबारको पूर्ण अभिलेख नराखिएको कारणले यो लेखा प्रणाली अप्रभावकारी, अपूर्ण, अस्पष्ट र अनिश्चित हुनुका साथै लेखा राख्ने निश्चित नियम तथा कार्यविधिसमेत पाइन्न । त्यसैले यो लेखा प्रणालीलाई आर्थिक कारोबारको अभिलेख राख्ने अपूर्ण र अवैज्ञानिक तरिका मानिन्छ ।

## दोहोरो लेखा प्रणाली

आर्थिक कारोबारलाई तिनीहरूको शुद्धता जाँच्न सकिने किसिमबाट प्रत्येक कारोबारलाई दुईपक्षीय प्रभाव पार्नुपर्दछ भन्ने सिद्धान्तलाई आधार मानी कारोबारद्वारा प्रभावित दुवै पक्षको पूर्ण अभिलेख राख्ने प्रणालीलाई दोहोरो लेखाप्रणाली भनिन्छ । अर्थात् प्रत्येक कारोबारको डेबिट पक्ष र क्रेडिट पक्षमा बराबर रकमले प्रभाव पार्दछ भन्ने मान्यतामा सम्बन्धित खाताहरूमा दुवै पक्षीय अभिलेख समुचितरूपमा प्रविष्ट गर्ने प्रणाली नै दोहोरो लेखा प्रणाली हो । दोहोरो लेखाप्रणालीको आधारभूत सिद्धान्त प्रत्येक डेबिटको क्रेडिट हुनै पर्दछ । (For every debit there must be a corresponding credit) । कारोबारहरूको दुई पक्षीय अभिलेख राखिदिने हुँदा कारोबारहरूमा प्रभावित भएका प्रत्येक खाताको कुनै पनि समयको स्थिति सरलताका साथ एकातिर पत्ता लगाउन सकिन्छ भने अर्कोतिर कुनै खास समयसम्म व्यवसायमा भएका कारोबारहरूद्वारा प्रभावित खाताहरूको डेबिट पक्षीय अभिलेखबराबर क्रेडिट पक्षीय अभिलेख भए/नभएको जाँच्न पनि सकिन्छ । त्यसैले दोहोरो लेखाप्रणाली पूर्ण वैज्ञानिक र भँरपर्दो मानिन्छ । प्रणालीमा कारोबारको दुईपक्षीय अभिलेख निश्चित नियमहरूको पालना गरी राखिन्छ ।

### दोहोरो लेखा प्रणालीका विशेषता

१) हरेक व्यवसायिक कारोबारमा डेबिट र क्रेडिट पक्षहरू हुन्छन् ।

२) हरेक व्यवसायिक कारोबारमा डेबिट र क्रेडिट दुईवटा खाताहरूको संलग्नता हुन्छ । जति रकम डेबिट गरिन्छ त्यति नै रकम क्रेडिट गरिन्छ ।

३) कारोबार सञ्चालनका लागि खाताहरू तिनको विशेषताका आधारमा Personal account, Real account र Nominal account मा वर्गीकृत गरिन्छन् ।

४) यस प्रणालीमा स्वामित्व हस्तान्तरण हुनसक्छ । जस्तै: कुनै मेसिनलाई कसैले बेच्यो भने त्यसको स्वामित्व उसकहाँ सर्ने र नगद स्वामित्व मेसिन विक्रेतामा सर्ने हुन्छ ।

### दोहोरो अभिलेखाङ्कन प्रणालीका उद्देश्य

१) सबै कारोबारको वैज्ञानिक र व्यवस्थित अभिलेख राख्नु,

२) सन्तुलन परीक्षणका माध्यमबाट कारोबारहरूको अंक गणीतीय जाँच गर्नु,

३) गल्ती र छलकपट पत्ता लगाउनु,

४) निश्चित अवधिको नाफा/नोक्सान पत्ता लगाउनु,



Question Bank Nepal

५) वार्षिक वित्तीय अवस्था बारे जानकारी प्राप्त गर्नु,
६) साहु र ऋणीहरूसँगको देना र लेना कारवारबारे थाहा पाउनु... ।

**दोहोरो अभिलेखाङ्कन प्रणालीका फाइदा**

१) व्यवसायिक कारोवारहरूको सम्पूर्ण अभिलेख प्राप्त हुने,
२) सन्तुलन परीक्षणको तयारी गर्न सकिने,
३) नाफा/नोक्सान लगायत ट्रेडिङ खाताको विवरण तयार हुने,
४) वित्तीय अवस्था/स्वास्थ्यको जानकारी प्राप्त हुने,
५) तुलनात्मक अध्ययन गर्न सकिने,
६) गल्ती र छलकपटलाई न्यूनीकरण गर्न सकिने,
७) कर अधिकारी र अदालतबाट स्वीकार गरिने... ।

**दोहोरो अभिलेखाङ्कन प्रणालीका वेफाइदा**

१) धेरै लेजर तथा किताव राख्नु पर्ने भएकाले यो प्रणाली महँगो छ ।
२) एकोहोरो लेखा प्रणाली भन्दा यो प्रणालीमा निश्चित सिद्धान्त र नियमको परिपालना गर्नुपर्ने भएकाले यो जटिल एवं कठिन समेत छ ।
३) कुनै निश्चित अवधिको सन्तुलन परीक्षणका आधारमा खाताहरूको अंकगणितीय जाँच गर्न सकिन्छ तर यी लेखाप्रणालीमा Error of commission/principle/ commission/ compensation निर्धारण गर्न गराउन कठिन छ ।

## एकोहोरो लेखा प्रणाली र दोहोरो लेखाप्राणालीबीचको भिन्नता:

आर्थिक कारोवारलाई स्रेस्ता वर्गिकरण अनुसार सम्वन्धीत खाताहरूमा एक तर्फ एकोहोरो रूपमा अभिलेख दर्ता गर्ने प्रणालीलाई एकोहोरो लेखा प्रणाली भनिन्छ, जसले कारोवारको दुई पक्षीय असर पार्दैन । कुनै पनि कारोबारको दुई पक्षीय खातामा असर गर्ने गरी श्रेस्ता राखिन्छ भने त्यसलाई दोहोरो लेखा प्रणाली भनिन्छ । यसमा आम्दानी तथा खर्च दुवैको लेखा राख्ने हुनाले वैज्ञानिक तथा व्यवहारिक छ । यी दुई लेखा प्रणालीका भिन्नताहरू निम्नानुसार रहेका छन् :

| एकोहोरो लेखा प्रणाली | दोहोरो लेखा प्रणाली |
|---|---|
| (१) यसले कारोवारको दुई पक्षीय असर नपार्ने हुंदा अपूर्ण तथा अधुरो तथ्याङ्क मात्र प्राप्त गर्न सकिन्छ । | (१) यसले कारोवारको दुई पक्षीय असरपार्ने हुँदा पूर्ण तथ्याङ्क प्राप्त गर्न सकिन्छ । |
| (२) अवास्तविक खाता नराखिने हुँदा नाफा नोक्सान खाता तयार गर्न सकिन्छ । | (२) यसमा व्यक्तिगत, वास्तविक र अवास्तविक र सबै खाता राखिने हुँदा नाफा-नोक्सान खातालगायत अन्य खाता तयार गर्न सकिन्छ । |



Question Bank Nepal

| | |
|---|---|
| (३) यसबाट सन्तुलन परीक्षण खाता तयार गर्न नसकिने हुँदा गणितीय शुद्धता तथा त्रुटिहरू थाहा पाउन सकिन्न । | (३) यसबाट सन्तुलन परीक्षण आदि खाता तयार गर्न सकिने हुँदा गणितीय अशुद्धता तथा त्रुटिहरू पत्ता लगाउन सकिन्छ । |
| (४) यसबाट वासलात तयार गर्न नसकिने हुँदा संस्थाको यथार्थ आर्थिक स्थिति थाहा पाउन सकिन्न । | (४) यसबाट वासलात तयार गर्न सकिने हुँदा संस्थाको वास्तविक यथार्थ स्थिति थाहा पाउन सकिन्छ । |
| (५) विभिन्न प्रकारका संकास्पद आर्थिक विवरणहरू देखा पर्दछन् । | (५) यसमा संकास्पद आर्थिक विवरणको वास्तविक परिसूचकहरू प्राप्त हुन्छ । |
| (६) छलकपट हिनामिना आदि पत्ता लगाउन ज्यादै गाह्रो हुन्छ । | (६) छलकपट हिनामिना भएको कुरा सजिलै पत्ता लगाउन सकिने हुँदा नोक्सान हुनबाट बचाउन सकिन्छ । |
| (७) यसबाट आर्थिक विवरणहरू पर्याप्त उपलब्ध नहुने हुँदा भविष्यको मार्गदर्शन गर्न सकिन्न । | (८) यसबाट सम्पूर्ण आर्थिक विवरण प्राप्त गर्न सकिने हुँदा भविष्यको मार्गदर्शन गर्न सहायक हुन्छ । |

## (२) नगद खाता र सानो नगदी कोष

### नगदी खाता (Cash Book)

व्यवसायमा विभिन्न प्रकारका आर्थिक कारोवारहरू दिनहुँ भइनै रहेको हुन्छ । कारोवारको मात्रामा व्यवसायले आफ्नो सुविधा अनुसार विभिन्न सहायक खाताहरू राखेको हुन्छ । यी विभिन्न खाताहरू विक्री खाता (Sales Books), खरिद खाता (Purchase Book), प्राप्त बिल खाता र (Bills Receivable Book) भूक्तानी दिनुपर्ने खाता (Bills Payable Book) सँगसँगै नगदी खाता (Cash Book) पनि राखेको हुन्छ ।

व्यवसायले गरेको नगदको कारोवारको मात्र अभिलेख राखिने वही खातालाई नगद खाता भनिन्छ । नगद प्राप्ति (Cash Receipt) तथा नगद भूक्तानी (Cash Payment) सम्बन्धी सबै लेनदेनहरूको हिसाव किताव यस नगदी किताबमा राखिन्छ । व्यवसायमा नगद कति प्राप्त भयो कति खर्च भयो र नगद कति बाँकी छ यो खाताबाट प्रष्ट रूपमा हेर्न सकिन्छ ।

व्यवसायिक फर्महरूले आफ्नो आवश्यकता अनुसार तथा व्यवसायको प्रकृति अनुसार हेरेर विभिन्न किसिमका नगद खाता मध्ये कुनै एउटा नगद खाता संचालन गर्दछ । नगद खाता खासगरि निम्न प्रकारका छन् ।

१) एकमहलिय नगद खाता (Single Column Cash Book)

२) दुईमहलिय नगद खाता (Double Column Cash Book )

Question Bank Nepal